# प्रेस विज्ञप्ति

जनता बैक नेपाल लिमिटेडले आफ्ना निक्षेपकर्ता तथा कर्जा लिने ग्राहकहरुलाई एकद्वार सेवा प्रणाली स्वरुप जीवन तथा निर्जीवनको बीमा सेवा दिने अभिप्रायले बैंकासुरेन्स (Bancassurance) सम्बन्धी सम्झौता गर्दै आएको छ ।

यसै सन्दर्भमा मिति २०७४/०७/१२ मा जनता बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री परशुराम कुँवर क्षेत्री र एशियन लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री राजेश कुमार श्रेष्ठले तथा मिति २०७४/०७/१३ मा जनता बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री परशुराम कुँवर क्षेत्री सूर्या लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री शिव नाथ पाण्डले दुई भिन्दाभिन्दै समारोह बीच सम्झौता हस्ताक्षर गर्नुभएको छ ।

यस सम्झौता पश्चात ग्राहकहरुले छिटो,छरितो तथा सहज रुपमा बीमा लेख प्राप्त गर्न, प्रिमियम भुक्तानी गर्न, दावी भुक्तानी लगायत सम्पूर्ण बीमा सेवा प्राप्त गर्न सक्नुहुनेछ ।

जनता बैक नेपाल लिमिटेडको चुक्ता पुँजी रु. ६ अर्ब ९९ करोड रहको छ भने बैंकको कुल निक्षेप रु. ५३ अर्ब र कर्जा रु. ४७ अर्ब पुगेको छ । पूर्वको ताप्लेजुङ्गदेखि पश्चिमको दार्चुलासम्म देशका शहरी तथा ग्रामीण क्षेत्रमा विभिन्न स्थानहरुमा ८६ वटा शाखा, २६ वटा शाखा रहित बैंकिङ्ग, ३ वटा सीमित बैंकिङ्ग ईकाइ , ३ वटा एक्सटेन्सन काउन्टर तथा ६७ वटा एटिएमहरुमार्फत सेवा प्रदान गरिरहेको छ । बैंकको ग्राहक संख्या ४ लाख ९० हजार भन्दा बढिरहेको छ ।

मितिः २०७४ कार्तिक १३ गते